# ताँजाकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चाखुरे, हुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३

पत्र संख्या : २०८२।०८३
चलानी नं. १५६

मिति २०८२।०७।०९

श्री जोजसँग सम्बन्ध छ ।

विषयः घरभाडा सम्झौता रद्ध गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस गाउँपालिकाबाट बिभिन्न मितिमा बिभिन्न प्रयोजनका लागि भाडामा लिएका घरहरुको घरभाडा सम्बन्धमा नेपाल सरकार अर्थ मन्त्रलायको प. सं २०८२।०८३ (बजेट) च. नं ११८ मिति २०८२।०६।०७ गतेको पत्र तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रलायको प. सं २०८२।०८३ च. नं ११३ मिति २०८२।०६।०८ गतेको प्राप्त पत्र बमोजिम खर्च मितव्ययिता तथा श्रोत परिचालनका क्षेत्रहरु सम्बन्धि पत्रको बुदा नं ३ को (ख) बमोजिम मिति २०८२।०४।०१ गते देखि लागु हुने गरि घरधनि र यस कार्यालयका बीचमा भएको उक्त घरभाडा सम्झौता रद्ध गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

नर रावत
प्रमुख प्रशासकीय अधिकृत

"शिक्षा, कृषि, स्वास्थ्य, पर्यटन र पूर्वाधार, ताँजाकोट गाउँपालिका विकासको मूल आधार ।"

Scanned with CamScanner

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.:- ११२

मिति:२०८२।०६।०८

ने.सं. ११४५

श्री प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका (सवै)

नगरपालिका (सवै)

विषयः निर्णय कार्यन्वयन गर्ने/गराउने सम्वन्धमा।

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको प.सं.२०८२/८३, (बजेट) च.नं.११८, मिति २०८२/६/७ को पत्र मार्फत नेपाल सरकार मन्त्रिपरिषद्वाट मिति २०८२/६/५ मा सार्वजनिक संरचनाको पुनर्निमाण र मर्मत, सार्वजनिक सेवा सुचारु निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहत समेतका लागि आयोजनाको पुनर्प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्वन्धी निर्णय यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

वोधार्थः

श्री अर्थ मन्त्रालय वजेट तथा कार्यक्रम महाशाखा

श्री सूचना प्रविधि शाखाः इमेल मार्फत गाउपालिका/नगरपालिकालाई जानकारी गराई वेवसाइटमा अपलोड गरिदिनुहुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईट:- www.mofaga.gov.np

Scanned with CamScanner

नेपाल सरकार
अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्याः- २०८२/८३ (बजेट)
च. नं.:- ११८

मितिः २०८२/६/७

२३६
०८२।६।८

विषयः निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा।

श्री संघीय मामिला महाशाखा
२०८२।६।८

श्री प्रमुख प्रशासकीय अधिकृत,
सबै महानगर/उप महानगर/नगर/गाउँ कार्यपालिकाको कार्यालय

नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०८२/६/५ मा सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सुचारु, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहत समेतका लागि आयोजनाको पुनर्प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धी देहाय बमोजिम निर्णय भएकोले तहाँ तथा मातहतका निकायहरूमा कार्यान्वयन गर्नको लागि पठाइएको व्यहोरा अनुरोध गर्दछु।

देहायः

क. आयोजनाको प्राथमिकीकरण र पुँजीगत खर्च व्यवस्थापन

(१) सरकारी संरचना पुनर्निर्माण गर्दा सेवाग्राहीमैत्री, खुला र छरितो संरचना बनाउने। कार्यालयको कार्यबोझ, कार्य प्रकृति तथा दरबन्दी संरचनालाई विश्लेषण गरी भौतिक संरचना र ले-आउट व्यवस्थापन गर्ने।

(२) नेपाल सरकारबाट सञ्चालन हुने, नेपाल सरकारबाट वित्तीय हस्तान्तरण भएका प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुने रू.१० लाखभन्दा बढीका आयोजनाहरू उपभोक्ता समितिबाट कार्यान्वयन नगर्ने/नगराउने। आयोजना टुक्र्याएर उपभोक्ता समितिबाट काम गराउन नपाइने।

(३) निर्माण कार्यमा कन्टिन्जेन्सी रकमको सीमा घटाई रू.१ अर्बसम्म लागत अनुमान भएका आयोजनामा ३ प्रतिशतसम्म र सोभन्दा बढीका निर्माण आयोजनामा २ प्रतिशतसम्म हुने गरी कार्यान्वयन गर्ने।

ख. खर्च मितव्ययिता तथा स्रोत परिचालनका क्षेत्रहरू

(१) भत्ता सम्बन्धमा

(क) सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीलाई नियमित कामका लागि बैठक भत्ता उपलब्ध नगराउने। तर कानून बमोजिम गठन भएको समितिको काममा कार्यालय समय बाहेकको बैठकको भत्ता उपलब्ध गराउन सकिने।

श्री स्थानीय तह स.शाखा
६।८



टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np

Scanned with CamScanner

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्याः-
च. नं.:-

(ख) सरकारी, आफ्नो वा आफ्नो परिवारको स्वमित्वमा रहेको निजी आवास प्रयोग गर्ने पदाधिकारीले आवास सुविधा वापतको रकम लिन नपाउने।

**(२) परामर्श सेवा सम्बन्धमा**

(क) विद्यमान जनशक्तिबाट सम्पादन हुने कामको लागि विनियोजित बजेटको उपयोग गरी बाह्यसेवा परामर्शबाट काम गर्न/गराउन नपाउने।

(ख) विधेयक, नियम, विनियम, कार्यविधि, दिग्दर्शन, मापदण्ड र निर्देशिका बनाउने जस्ता कामका लागि सेवा परामर्श नलिने।

(ग) विद्यमान जनशक्तिबाट सम्पादन हुन नसक्ने अवस्था हो भनी सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गराएर मात्र पुँजीगत अनुसन्धान तथा परामर्शका लागि खर्च गर्न सकिने।

**(३) पानी, बिजुली र सञ्चार महसुल लगायतका सेवा खर्चमा मितव्ययिता कायम गर्ने**

(क) पानी, बिजुली र सञ्चार महसुल वापत विनियोजित बजेटबाट खर्च धान्ने गरी मितव्ययी ढंगले खर्च गर्ने। कार्यालयमा आवश्यक नपरेको समयमा बत्ती, एअरकन्डिसन, पंखा जस्ता बिजुली खपत हुने यन्त्र उपकरण चलेको छ कि भनी सम्बन्धित कर्मचारी स्वयंले नियमित चेक गर्ने।

(ख) सरकारी कार्यालयको लागि न्यूनतम आवश्यकताभन्दा बढी कोठा र सुविधा भएको घर बहालमा नलिने। सरकारी कार्यालयहरूले सकेसम्म व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिने।

**(४) पुराना संरचना तथा सामान प्रयोग गर्न प्रोत्साहित गर्ने र अनुपयोगी सामान लिलाम गर्ने**

(क) संघ, प्रदेश र स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूमा सवारी साधन, मोबाइल फोन, फर्निचर, ल्यापटप, डेस्कटप कम्प्युटर, मोटरसाईकल जस्ता सामान उपयोगमा पुरानो सामान प्रयोग गर्ने।

(ख) जेनजी आन्दोलनका क्रममा सिर्जना भएको असामान्य परिस्थितिबाट क्षति भएका कार्यालयहरूलाई आवश्यक पर्ने भवन, टेबल, कुर्सी, दराज, सोफा लगायतका कार्यालय सामान, मेशिन उपकरण, फर्निचर जस्ता सामग्री नजिकको कार्यालयमा भएकोबाट हस्तान्तरण गराई उपयोग गर्ने। यसरी हस्तान्तरण भएको सामानको हस्तान्तरण कार्यालय प्रमुख तहको निर्णयबाट नै हुने।

(ग) सरकारी भौतिक संरचनाको बीमा गर्ने कार्य सुरुवात गर्ने।



टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२११६६४, ४२११३४८ (बजेट म.), ४२११९६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

Scanned with CamScanner